Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २५ | अंक: ३०४ | वि.सं. २०८२ फागुन १२ मंगलवार | नेपाल संवत: ११४५, फाल्गुण शुक्लपक्ष सप्तमी | Tuesday 24 February 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-


## बाँकेमा ३३ जना उम्मेदवारले खोले बैङ्क खाता

**युग संवाददाता**
**नेपालगन्ज, ११ फागुन ।**

निर्वाचन खर्च प्रयोजनका लागि बाँकेमा ३३ जना उम्मेदवारले मात्रै बैङ्क खाता खोलेका छन् । प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ का लागि बाँकेमा उम्मेदवार भएका ५६ जनामध्ये अहिलेसम्म १५ जनाले निर्वाचन खर्च प्रयोजनका लागि बैङ्क खाता नखोलेको निर्वाचन आचारसंहिता अनुगमन समितिले जनाएको छ ।

निर्वाचन क्षेत्र नम्बर १ मा ९, क्षेत्र नम्बर २ मा १४ र क्षेत्र नम्बर ३ मा १० गरी ३३ जना उम्मेदवारले बैङ्क खाता खोलेको निर्वाचन आचारसंहिता अनुगमन समितिका अधिकृत सर्वोदय उपाध्यायले जानकारी दिए । उनका अनुसार अहिलेसम्म आठ जनाले खाता खोल्ने सिफारिस लिएका छन् भने १५ जनाले अझै केही गरेका छैनन ।

कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख कोष नियन्त्रक एवं निर्वाचन आचारसंहिता अनुगमन अधिकृत उपाध्यायले निर्वाचन खर्च प्रयोजनका लागि फागुन ४ गतेभित्रै सबै उम्मेदवारले खाता खोलिसक्नुपर्नेमा हालसम्म पनि १५ जनाले खाता नखोलेकाले उनीहरूलाई पटक-पटक फोनमार्फत ताकेता गरिएको जानकारी दिए । "ताकेता गरिएको छ प्रतिबद्धता पनि छ तर कार्यान्वयन भएको पाइँदैन," उनले भने । खाता नखोल्नेमा अधिकांश स्वतन्त्र उम्मेदवार रहेको अधिकृत उपाध्यायको भनाइ छ ।

निर्वाचन आचारसंहिताअनुसार उम्मेदवारले व्यक्तिगत खाताबाट खर्च नगरी निर्वाचन प्रयोजनका लागि छुट्टै बैङ्क खाता प्रयोग गर्नुपर्ने कानुनी व्यवस्था छ । सो व्यवस्था कार्यान्वयनको विषयमा निरन्तर अनुगमन भइरहेको बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी एवं अनुगमन अधिकृत पूर्ण बहादुर खत्रीले जानकारी दिए । उनका अनुसार उम्मेदवारको नाम, दल, क्षेत्र र बैङ्कको विवरणसहितको प्रतिवेदन निर्वाचन आयोगमा पठाइने छ ।

तीन निर्वाचन क्षेत्र रहेको बाँकेमा ५६ जना उम्मेदवार चुनावी मैदानमा छन् । निर्वाचन आयोगले क्षेत्र नम्बर १ का लागि रु ३१ लाख र क्षेत्र नम्बर २ तथा ३ का लागि रु २९ लाखसम्मको खर्चको सीमा तोकेको छ । यसबीच, आज निर्वाचन क्षेत्र नं १ को कोहलपुरमा निर्वाचन आचारसंहिता पालना सम्बन्धमा उम्मेदवारहरूसँग छलफल गरिएको छ ।

आचारसंहिता अनुगमन समितिका अधिकृत पूर्णबहादुर खत्रीले निर्वाचन क्षेत्र नं १ मा खासगरी टिसर्ट र टोपीको प्रयोग बढी भएको उजुरी भएकाले त्यसलाई हटाउन उम्मेदवारहरू सहमत भएको जानकारी दिए । "जिल्लाको अन्य निर्वाचन क्षेत्रमध्ये समग्रमा राम्रो छ, केही समस्या देखिएका छन् त्यसलाई समाधान गरिने छ," उनले भने ।

### प्रतिनिधिसभा निर्वाचन आउन ९ दिन बाँकी :

# डोल्पामा सहोदर दाजुभाईबीच प्रतिष्ठाको लडाइँ


**ओम शाही**
**सुर्खेत, ११ फागुन ।**

आसन्न २१ फागुनमा तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनको माहोल राजनीतिक दलहरुले उत्कर्षमा पुऱ्याएका छन् । २३-२४ भदौको जेन-जी आन्दोलनपछि हुन लागेको निर्वाचनलाई सर्वत्र चासोको रुपमा हेरिएको छ । निर्वाचनको मिति नजिकिएसँगै दलहरुले मतदाता फकाउन घरदैलो, कोणसभा, राजनीतिकसभालाई तीव्रता दिएका छन् ।

कर्णालीका १२ निर्वाचन क्षेत्रमध्ये प्रतिनिधिसभातर्फ एक निर्वाचन क्षेत्र रहेको हिमाली जिल्ला डोल्पामा यस पटक रोचक चुनावी प्रतिस्पर्धा हुँदैछ । हिउँले सेताम्य डोल्पा यतिबेला असामान्य रूपमा तातेको छ । कठ्यांग्रिने जाडो, सुनसान बस्ती र शान्त हिमाली वातावरणबीच यसपटकको प्रतिनिधिसभा निर्वाचनले डोल्पालाई नयाँ किसिमको रोमाञ्च दिएको छ ।

निर्वाचनमा विरलै देखिने यस्तो दृश्यले डोल्पाली मतदाताहरुमा थप चासो बढाइदिएको छ । जसको कारण हो, सहोदर दाजुभाईबीचको चुनावी प्रतिस्पर्धा । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि काइके गाउँपालिका-२ का स्वर्गीय लंकु बुढाका जेठा छोरा कर्णबहादुर बुढा र काइँला छोरा धनबहादुर बुढा आमनेसामने भएका छन् ।

घरको आँगन साझा, बाल्यकालका सम्झना साझा तर चुनावी एजेन्डा र राजनीतिक झण्डा फरक-फरक हुँदा यतिबेला डोल्पाको चुनावी माहोललाई थप रोचक बनाएको छ । कर्णबहादुर नेपाली कांग्रेसका उम्मेदवार हुन् भने धनबहादुर नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का तर्फबाट मैदानमा छन् ।



कांग्रेसको विशेष महाधिवेशनबाट सह-महामन्त्री चुनिएका कर्णबहादुर डोल्पाका पुराना राजनीतिज्ञमा गनिन्छन् । नेकपाका केन्द्रीय सदस्य धनबहादुर पछिल्ला वर्षहरूमा लगातार जित निकाल्दै डोल्पाको राजनीतिक केन्द्रमा स्थापित भएका नेता हुन् ।

कर्णबहादुरको राजनीतिक जीवनको सुरुवात राष्ट्रिय प्रजातन्त्र पार्टीबाट भएको हो । राजनीतिमा धनबहादुरलाई पहिलो प्रेरणा दिने व्यक्ति पनि कर्णबहादुर नै हुन । २०५१, २०५६ र २०६४ का निर्वाचनमा उनी मुख्य प्रतिद्धन्द्धीमै सीमित बनेका थिए । २०५१ मा कांग्रेसबाट बागी उठेका स्वतन्त्र उम्मेदवार मोतिप्रसाद पहाडीले उनलाई पराजित गरे ।

२०५६ मा राप्रपाले टिकट नदिएपछि स्वतन्त्र उम्मेदवारी दिए । उक्त निर्वाचनमा एमालेका नरबहादुर बुढाथोकीसँग उनी पराजित भए । २०६४ मा फेरि राप्रपाबाट लडेका उनी नेकपा (माओवादी) का रामबहादुर बोहोरासंग पराजित हुन पुगे । २०७६ सालदेखि उनले राप्रपा छाडेर कांग्रेस राजनीति रोजे ।

यता धनबहादुर भने २०७० यताका तीन संसदीय निर्वाचनमा लगातार विजयी हुँदै आए । एमालेले २०७० को चुनाव अघि राप्रपामा रहेका धनबहादुरलाई पार्टी प्रवेश गराएर टिकट दिएको थियो । २०७० को चुनावमा उनले माओवादीकी सत्या पहाडीलाई झण्डै चार हजार मतान्तरले पराजित गरे । २०७४ मा धनबहादुर पुनः बामगठबन्धनको तर्फबाट एमाले उम्मेदवार बने र कांग्रेसका अंगतबहादुर बुढालाई पराजित गरे ।

केपी ओली दोस्रो पटक प्रधानमन्त्री हुँदा उनी पर्यटन राज्यमन्त्री बनेका थिए । २०७९ मा उनी एमाले विभाजनपछि नेकपा (एकीकृत समाजवादी) मा लागे । २०७९ मा एकीकृत समाजवादीबाट चुनाव लडेका उनले माओवादी र कांग्रेसको साथ पाएर उनले एमालेका गणेशबहादुर शाहीलाई ६ हजार मतान्तरले पराजित गरे । एकिकृत समाजवादी रोजेपछि पुष्पकमल दाहाल नेतृत्वको सरकारमा उनी सहरी विकासमन्त्री भए ।

जुन पार्टीबाट लडेपनि लगातार जित निकाल्दा धनबहादुरलाई अहिले डोल्पाको राजनीतिक खेलाडी भनेर चिनिन्छ । उनी यसपटक नेकपाको तर्फबाट चुनाव चिन्ह तारा लिएर मैदानमा होमिएका छन् । डोल्पाको राजनीतिमा बुढा परिवारको प्रभाव पुरानै हो । २०४८ सालमा कांग्रेसबाट क्याबु बुढा निर्वाचित भएका थिए ।

२०७४ मा नन्दसिंह बुढा प्रदेशसभामा निर्वाचित भई पर्यटनमन्त्री बने । कर्णाली प्रदेशका भौतिक पूर्वाधारमन्त्री शेरबहादुर बुढा पनि यही परिवारभित्रका हुन् । व्यापार-व्यवसायमा स्थापित र आर्थिक रूपमा सम्पन्न बुढा परिवारको वरिपरि जिल्लाको राजनीति घुमिरहेको चर्चा चलिरहन्छ । तीन पटक पराजित दाजु र तीन पटक विजयी भाई अब कसले हार वा जितको 'ह्याट्रिक' कायम राख्छन् ? यसको उत्तर फागुन २१ को मतपरिणामले दिनेछ ।

अघिल्ला निर्वाचनमा दाई प्रतिष्पर्धी नहुँदा सहज जित निकालेका धनबहादुरका लागि यो निर्वाचनमा कस्तो परिणाम आउँछ चासोको विषय बनेको छ । धनबहादुरले २०७९ कै निर्वाचनमा आफूलाई सहयोग गर्ने आश्वासन दिएपनि धोका दिएको र यसपटक पनि नेकपाबाट आफै उम्मेदवार बन्दा कर्णबहादुर चुनावी अभियानमा आक्रोशित सुनिन्छन् । तर भाई

बाँकी ३ पेजमा

## तिला गाउँपालिकाको प्रमुख धार्मिक पर्यटनको गन्तव्य त्रिवेणीधाम

**युग संवाददाता**
**जुम्ला, ११ फागुन ।**

जुम्लाको तिला गाउँपालिका-४ स्थित त्रिवेणी क्षेत्र धार्मिक पर्यटनको गन्तव्य बनेको छ । त्रिवेणीधाम धार्मिकयात्रामा निस्किनेको रोजाइमा पर्ने गरेको वडाध्यक्ष भद्रवीर सार्कीले जानकारी दिए ।

तिला नदी र भेरीखोला नदीको सङ्गमस्थलमा रहेको त्रिवेणीधाम विशेषरी आन्तरिक पर्यटनको रोजाइमा पर्ने गरेको छ । दुई नदीको सङ्गमस्थल भएकाले त्रिवेणी धामका रुपमा नामकरण गरिएको हो । वडाध्यक्ष




सार्कीले भने,"त्रिवेणीधाम तिला गाउँपालिकाकै प्रसिद्ध धार्मिक क्षेत्र नभएर जिल्लाकै परिचित रहेको छ ।" त्रिवेणीधामलाई आन्तरिक तथा बाह्यपर्यटनसँग जोड्नका लागि गाउँपालिकाले गुरुयोजना बनाएको वडाध्यक्ष सार्कीको भनाइ छ ।

त्रिवेणीधामलाई थप आकर्षण बनाउनका लागि पर्यटन बोर्डबाट आर्थिक सहयोगले धर्मशालासमेत निर्माण भएका छन् । त्रिवेणी क्षेत्रमा जिल्लाका अरु स्थानीय तहबाट पर्यटक आउने गरेको तिला गाउँपालिका-४ का स्थानीयवासी गोरखाबहादुर शाहीले बताए ।

ऐतिहाँसिक धार्मिकस्थलका रुपमा त्रिवेणी रहेकाले धार्मिक पर्यटकको सङ्ख्यालाई बढाउनका लागि गुरुयोजना बनाएर अघि बढेको गाउँपालिका अध्यक्ष मोतीलाल रोकायाले बताए । त्रिवेणीधाम ऐतिहासिक धार्मिकस्थल हो, धार्मिकयात्रामा निस्कने धेरैको गन्तव्य त्रिवेणीधाम पर्ने गर्दछ । त्रिवेणीधाममा साउनमा धार्मिकयात्रामा आउनेको सङ्ख्या उल्लेख्य हुने गर्दछ ।


**निर्वाचनको समयमा कर्मचारीले पालना गर्नुपर्ने आचरण**

- कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै कार्य गर्नु/गराउनु, प्रचारप्रसारमा संलग्न हुनु वा प्रचारप्रसार गर्नु हुँदैन ।
- कुनै राजनीतिक दल वा उम्मेदवारलाई कार्यालय वा आफ्नो भवन, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिनु हुँदैन ।
- निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने विषयमा कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स-एआई) को प्रयोग गरी वा नगरी सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सनलगायतका कार्य गर्नु/गराउनु हुँदैन ।
- निर्वाचन प्रयोजनका लागि सम्प्रेषण गर्नुपर्ने सूचनाबाहेक अन्य कुनै प्रकारका आफूलाई प्राप्त जानकारी कुनै राजनीतिक दल वा उम्मेदवार वा अनधिकृत व्यक्तिलाई दिनु हुँदैन ।
- निर्वाचनसम्बन्धी कार्य गर्दा गराउँदा कसैको पक्ष वा विपक्ष लिनु हुँदैन ।

नेपाल सरकार
विज्ञापन बोर्ड



GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH

Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810



- MINI BUS
- JEEP/CAR
- EV VAN
- SUMO JEEP

## सम्पादकीय....

# सामाजिक सञ्जालको अराजकता नियन्त्रण गर ?

आगामी २१ फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगले गएको ४ माघबाट निर्वाचन आचारसंहिता-२०८२ कार्यान्वयनमा ल्याएको छ। उक्त आचार संसिहता भन्छ, 'सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन नहुने, निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता टिप्पणी गर्न वा गराउन हुँदैन।' आचारसंहितामा कसैको चरित्रहत्या गर्न, व्यक्तिगत लाञ्छना लगाउन, मानहानि गर्न वा यस्तै प्रकृतिका सामग्री उत्पादन, प्रकाशन वा प्रसारण गर्न नहुने उल्लेख गरिएको छ। आयोगले जारी गरेको निर्वाचन आचार संहितामा महिला उम्मेदवारलाई अश्लील वा घृणित टिप्पणी गुर्न आचारसंहिता विपरित हुन्छ। आफुलाई निर्वाचन आचारसंहिताविपरितको व्यवहार भए निर्वाचन आयोगमा लिखित, मौखिक, सामाजिक सञ्जाल वा विद्युतीय माध्यमहरू प्रयोग गर्न सकिन्छ। यस्तै, आयोग, मुख्य निर्वाचन अधिकृतको कार्यालय वा अनुगमन टोली समक्ष उजुरी दिन सकिने व्यवस्था छ। यसरी आएका उजुरीमा आचारसंहिता उल्लंघन भएको ठहर भए एक लाख रुपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था छ।

यस्तै, महिलामाथि अश्लील वा घृणित टिप्पणी गर्ने कार्यमा उम्मेदवार संलग्न भए उसको उम्मेदवारी रद्द हुनुका साथै निर्वाचन कसुर तथा सजायसम्बन्धी ऐन, २०७३ बमोजिम कारबाही हुने स्पष्ट व्यवस्था छ। तर प्रभावहिन आचारसंहिताका कारण सामाजिक सञ्जालमा अराजकता मौलाउँदै गएको छ। निर्वाचन आचारसंहिता मात्र होइन विद्युतिय माध्यमबाट हुने अपराध र मानहानी सम्बन्धीका कानुन कार्यान्वयन प्रभावकारी नहुँदाको साइड इफेक्ट महिला उम्मेदवार साइबर आक्रमणको केन्द्रमा परेका छन्। चुनावको समयमा होस् वा अन्य समयमा सामाजिक सञ्जाल वा प्रविधिको प्रयोग गरी महिलामाथि हुने प्रहारले उनीहरुको व्यक्तिगत, पारिवारिक र सामाजिक प्रतिष्ठामाथि गम्भीर आँच आइरहेको महिला उम्मेदवारको गुनासो छ। यसो हुनुमा सामाजिक प्रयोगकर्ताहरुमा डिजिटल साक्षरताको ज्ञान नहुनु पनि जोडिएको छ। सामाजिक सञ्जाल सबैको साझा थलो हो, लेख्न र बोल्न पाए भन्दैमा जे पायो त्यही बोल्न र लेख्न पाइदैन। जानाजान यस्तो कार्यमा संलग्न हुनेमाथि ठाउँको ठाउँ कारवाही गर्ने राज्यका संयत्रहरु कमजोर हुँदाको असर महिलालाई परेको छ। महिला उम्मेदवारको फेसबुक वालमा आउने कमेन्ट यतिसम्मका घृणाजन्य छन्, जो परिवार तथा आफन्तले हेर्नै नसकिने खालका छन्।

उनीहरुले स्टाटस फेसबुकमा राख्ने बित्तिकै नकरात्मक कमेन्टको वर्षा हुन थाल्छ। चिन्दै नचिनेका त्यसमा पनि नक्कली एकाउण्टबाट चरित्र हत्या गर्ने, राजनीतिमा लागेकै भरमा पुरुषसँग जोडेर नानाभाती हिंसात्मक शब्दहरु प्रयोग गर्ने संस्कृति झाँगिदै गएको छ। नकरात्मक टिप्पणी गर्नेहरुको संख्या बढ्दै जाने र पहिचान गरी कानुनी लडाइँ लड्न लामो समय लाग्ने हुँदा महिलाहरु हिंसा सहेर बसिरहेका छन्। यो सबै राज्यको निकम्पापनले भएको हो। यसैगरी सामाजिक सञ्जाललाई छाडा हुन दिने हो भने यसले निकट भविष्यमा देशमा ठुलो सामाजिक विग्रह निम्त्याउने निश्चित छ। चुनावको समयमा होस् वा अन्य जिम्मेवारीमा रहेका महिलामाथि सामाजिक सञ्जाल वा प्रविधिको प्रयोग गरी हुने प्रहार रोक्न राज्यले विद्यमान साइबर सम्बन्धिका कानुनलाई प्रभावकारी कार्यान्वयन गर्न आइतबार पर्खनु नपर्ने हो। सबैको साझा थलो सामाजिक सञ्जालमा तथानाम गाली गलौच गरेर चरित्र हत्या गर्नेहरु समाज विखण्डनका मुख्य अपराधि हुन्। यसर्थ, यस्ता कार्यमा संलग्न जोकोहीलाई तत्काल प्रक्राउ गरी हदैसम्मको कारवाही हुनुपर्दछ। यसो हुन सकेमात्र अराजकताको अन्त्यसँगै सामाजिक एकतासहितको समाज निर्माणमा टेवा पुग्छ।

## विश्व

# पुनर्मिलनको पर्खाइमा पाकिस्तानी बङ्गाली

**करାची, ११ फागुन।**

पाकिस्तान र बङ्गलादेशबीच १४ वर्षपछि प्रत्यक्ष उडान पुनः सुरु भएसँगै कराचीका हजारौं बङ्गाली मूलका बासिन्दामा पारिवारिक पुनर्मिलनको आशा जागेको छ। दशकौंदेखि राजनीतिक तनाव र कागजी जटिलताका कारण छुट्टिएका परिवारहरू फेरि भेटिने सम्भावनाले उनीहरू भावुक बनेका छन्।

करिब तीन दशकअघि छोटो भ्रमणका लागि पाकिस्तान आउनुभएका ६० वर्षीय शाह आलम अझै कराचीमै अड्किनुभएको छ। सुक्खा माछा (सिद्रा) बेचेर जीविकोपार्जन गर्दै आउनुभएका उनले बङ्गलादेश फर्कने दृढता व्यक्त गरेका छन्। "म जानेछु", उहाँले अश्रुपूर्ण हुँदै भन्नुभयो, "ईद अल-अधा पछि म मेरो छोरासँग अवश्य फर्कनेछु।"

उनका आमाबाबु र पहिलो पत्नीको निधन भइसक्दा पनि उनी घर फर्कन सकेका थिएनन्। बङ्गलादेशमा उहाँको कृषि जमिन र पुर्ख्यौली घर अझै रहेको बताएका छन्।

सन् १९७१ को युद्धअघि एउटै राष्ट्र रहेका पाकिस्तान र बङ्गलादेशबीचको कटु द्वन्द्वपछि लाखौंको ज्यान गएको थियो। त्यसयता पाकिस्तानमा दश लाखभन्दा बढी जातीय बङ्गाली बसोबास गर्दै आएको अनुमान छ। कराचीका माचर कलोनीजस्ता क्षेत्रमा बङ्गाली समुदायको बाक्लो उपस्थिति छ, तर धेरैजना नागरिकता र परिचयपत्र अभावमा राज्यविहीन अवस्थाजस्तै जीवन बिताइरहेका छन्।

बिस वर्षीय हुसेन अहमदले आफू बङ्गलादेश जान चाहेको तर नागरिकता कागजात नभएकाले असमर्थ रहेको बताए। "म पाकिस्तानी हुँ, तर परिचयपत्र छैन", उनले भन्नुभयो। अर्का २२ वर्षीय अहमदले आफ्नो परिवार सन् १९७१ अघि नै पाकिस्तानमा बसोबास गरिरहेको प्रमाणित गर्न नसक्दा सरकारी मान्यता नपाएको गुनासो गर्नुभयो। उहाँहरूका आफन्त बङ्गलादेशमा भए पनि भेटघाट सम्भव भएको छैन।

गत वर्ष पाकिस्तानका विदेशमन्त्री इशाक दारले ढाका भ्रमण गरी बङ्गलादेशका नेतृत्वसँग भेटवार्ता गर्नुभएको थियो। त्यसपछि दुई देशबीचको सम्बन्ध सुधारतर्फ उन्मुख भएको सङ्केत देखिएको छ। हालै निर्वाचित बङ्गलादेशका प्रधानमन्त्री तारिक रहमानको कार्यकालमा पनि कूटनीतिक संवाद निरन्तर रहने अपेक्षा गरिएको छ।

कराचीका स्थानीय राजनीतिज्ञ मुहम्मद रफिकल हुसेनका अनुसार पाकिस्तानभरि फैलिएका बङ्गाली समुदायले अर्थतन्त्रमा योगदान पुर्‍याउँदै आएका छन्। "यो हाम्रो चौथो पुस्ता हो", उनले भने, "सौहार्दपूर्ण सम्बन्धले दुवै देशलाई फाइदा पुर्‍याउनेछ।" तर सामुदायिक कार्यकर्ता हाफिज जैनुलाब्दीन शाहले बङ्गालीहरूले स्थानीय भाषा अपनाउँदै जाँदा आफ्नो सांस्कृतिक पहिचान कमजोर हुँदै गएको टिप्पणी गरे।

राजनीतिक उतारचढाव र पहिचानको द्विविधाबीच कराचीका बङ्गालीहरू

बाँकी ४ पेजमा

# मतदाता शिक्षालाई कसरी प्रभावकारी बनाउने ?



✍ हरिविनोद अधिकारी

प्रजातन्त्र या लोकतन्त्रमा जनताले छानेका व्यक्तिहरूले मात्र जनतामाथि शासन गर्न पाउँछन् या आधिकारिकरूपमा सेवा गर्न पाउँछन् भन्ने मान्यता छ। यो नयाँ नभएर धेरै पहिलेदेखिको मान्यता हो र आज पनि त्यो मान्यताका आधारमा जनताका प्रतिनिधि चयन गर्ने अथवा छान्ने प्रक्रियालाई निर्वाचन भनिन्छ। निर्वाचनका लागि मतदान गरिन्छ र मतदान प्रत्यक्षरूपमा या अप्रत्यक्षरूपमा गर्न सकिन्छ।

सामान्यतया केही शताब्दीदेखि मतदान गोप्यरूपमा गरिन्छ र आफ्ना देशका निर्वाचनसम्बन्धी ऐन नियमअनुसार निर्वाचित हुने तरिकाका आधारमा जय पराजय घोषणा गरिन्छ। खासगरी प्रत्यक्षरूपमा जनताले दिएको मतले जित्ने चलनलाई बढी मत ल्याउनेले जित्ने भनिन्छ र यसरी मतदिने व्यक्ति या नागरिकलाई मतदाता भनिन्छ, मतदाताले मत दिने साधनलाई मतपत्र भनिन्छ र त्यसरी मत दिनका लागि जुन ठाउँको चयन गरिन्छ, त्यस ठाउँलाई मतदान केन्द्र भनिन्छ। यसमा कस्ता नागरिकले मत दिन पाउने भन्ने कुरा सम्बन्धित लोकतन्त्रका लागि तयार गरिएको निर्वाचनसम्बन्धी ऐन, नियम, विनियमले तय गरिन्छ।

नेपालको संविधानले मतदातालाई प्रजातन्त्रको आत्मासरह मानेको छ र १८ वर्ष पुगेको नेपाली नागरिकले आफ्नो नाम तोकेको अवधिमा मतदाताको रूपमा लेखाएर मतदान सुरक्षित गर्नुपर्छ। अहिलेको प्रसङ्ग हो समयावधि पहिले नै अन्तरिम सरकारले अचानक घोषित गरेको आम निर्वाचन २०८२, जुन यही फागुन २१ गते हुन लागेको छ। सरकारले निर्वाचनको सम्पूर्ण तयारी भइसकेको जनाएको छ। करिब १ करोड ८९ लाखभन्दा बढी मतदाता रहेको यस निर्वाचनमा करिब नौ लाख मतदाता नयाँ दर्ता भएका छन्। ती मतदाता सबै निकट समयमा हुनलागेको आम निर्वाचनका लागि तयार भइसकेका छन् र युवाहरूमा नयाँ निर्वाचनमा ठूलो अपेक्षा पनि देखिएको छ।

अहिले फागुन ४ गतेदेखि १७ गतेसम्म निर्वाचन आयोगले सम्पूर्ण पालिकाहरूका वडाहरूमा मतदाता शिक्षा यसरी सुरु गरेको छ कि यसपटकको निर्वाचनमा बदर मत अत्यन्तै नगण्य होस् या हुँदै नहोस् भन्ने लक्ष्य राखिएको छ। यसका लागि आयोग आफैँले मतदान विज्ञहरूको स्वयंसेवक टोली तयार गरेर घरघरमा पठाएको देखिन्छ। त्यसो त करिब दुई करोड मतदाता जनसङ्ख्यामा सबैतिर पुग्न गाह्रो त होला तर पनि भएको सुरुवातलाई सकारात्मक मान्नुपर्छ किनभने यो निर्वाचन अचानक हुन लागेको हो र पनि निर्वाचनको तयारी राम्रोसँग भएको पाइन्छ। जनतामा यो निर्वाचनबाट मुलुकको नयाँ भविष्यप्रति अपेक्षा धेरै राखेको



पनि पाइन्छ। खासमा सुशासन, भ्रष्टाचारमुक्त समाज, निष्पक्ष निजामती प्रशासन तथा सन्तुलित विकासको धारणा नै अहिलेको निर्वाचनले चुनेका सांसदहरूबाट आशा गर्न सकिन्छ। नीति नै ठूलो कुरा हो र राजनीति शुद्ध भए सबै कुराको नीति सङ्लिन्छ भन्ने मान्यता छ।

त्यसैले लोकतान्त्रिक निर्वाचनमा मतदाता शिक्षा अत्यन्त आवश्यक हुन्छ। किनभने यसले मतदातालाई आफ्नो अधिकार, कर्तव्य र मतदान प्रक्रियाबारे सही जानकारी दिन्छ। शिक्षित मतदाताले उम्मेदवारको योग्यता, नीति र कार्यक्रमका आधारमा सोचेर मत दिन सक्छन्, जसले योग्य नेतृत्व चयन गर्न मद्दत गर्छ। यथोचित मतदाता शिक्षा नभएमा झुठा प्रचार, लोभ-लालच, जातीय वा क्षेत्रीय प्रभावमा परेर गलत निर्णय हुन सक्छ भन्ने मान्यता छ। यसले मत बदर हुने सम्भावना पनि घटाउँछ र सबै नागरिकलाई निर्भय र स्वतन्त्र रूपमा मतदान गर्न प्रेरित गर्छ। त्यसैले मतदाता शिक्षा लोकतन्त्रलाई बलियो, पारदर्शी र प्रभावकारी बनाउन आवश्यक हुन्छ।

### मतदाता शिक्षामा ध्यान दिनुपर्ने कुराहरू

मतदातालाई मतदान सम्बन्धी शिक्षा दिँदा मतदानको अधिकार र कर्तव्यबारे जानकारी दिनुपर्दछ। यसका लागि पनि मतदाता शिक्षा आवश्यक परेको हो जसले मतदान गर्ने र यसको महत्व के हो भन्ने स्पष्ट गराउँछ। मतदान गर्ने तरिका सिकाउनु जरुरी हुन्छ किनभने विभिन्न तरिकाका मतपत्र कसरी सही तरिकाले प्रयोग गर्न सिकाउने जसले गर्दा मत बदर नहोस्। त्यसैगरी उम्मेदवार छनोटको आधार जस्तो कि जात, धर्म, पैसा वा लोभमा नभई योग्यता, नीति र कार्यक्रम हेरेर मतदान गर्न प्रेरित गर्ने शिक्षा प्रदान गर्नुपर्दछ।

निर्भय र स्वतन्त्र मतदानका लागि कसैको दबाब, धम्की वा प्रलोभनबाट टाढा रहन सिकाउनुपर्दछ। निर्वाचन आचारसंहिताका बारेमा कुरा गर्दा निर्वाचनमा मतदाताहरूका लागि पनि आचार संहिता तयार गरिएको हुन्छ। त्यसो त मतदाताले उम्मेदवारहरूका बारेमा पनि आचार संहिता थाहा पाउनु जरुरी हुन्छ जसले गर्दा निर्वाचन या चुनावका नियम र कानुनी व्यवस्थाबारे जानकारी होस्।

मतदातामा निर्वाचनसम्बन्धी सही सूचना र गलत प्रचार छुट्याउने क्षमता वृद्धि गरी अफवाह र भ्रामक समाचारबाट सचेत गराउने किसिमको ज्ञान पनि मतदाता शिक्षामा नै पर्दछ। गलत सूचना, मिथ्या सूचना, भ्रामक सूचनाबाट मतदातालाई सचेत गराउन पनि मतदाता शिक्षाको महत्वपूर्ण भूमिका हुन्छ। समावेशी सहभागिताको मान्यता बमोजिम ज्येष्ठ नागरिक पुरुष या महिला, अपांगता भएका व्यक्ति, युवा, प्रौढ, अक्षर नचिन्ने दुर्गम क्षेत्रका नागरिक सबैलाई पहुँच हुने गरी शिक्षा दिनुपर्दछ। अक्षर चिन्न गाह्रो हुने भएकाले निर्वाचनमा चिन्हको प्रयोग गरिएको हो भनेर मतदाता शिक्षामा स्पष्ट हुनुपर्दछ।

आफ्नो नाम मतदाता सूचीमा छ कि छैन भन्नेबारे सचेत गराउनका लागि मतदाता नामावली जाँच पनि मतदाता शिक्षामा आवश्यक पर्दछ। अहिले हातमा भएको मोबाइलबाट पनि सम्बन्धित तर सम्भावित मतदाताको नाम हेर्न मिल्ने र उसको मतदाता क्रमसङ्ख्या समेत दिन मिल्ने भएकाले मतदान स्थल, मतदान समय, आफूलाई मनमर्ने दल या व्यक्तिको चिन्हसमेत भएको नमुना मतपत्र देखाएर मत दिनका लागि उत्प्रेरित गर्ने गर्नुपर्दछ।

सही तरिकाले मतदान गर्न र नक्कली मतदान घटाउने उपायहरू पनि मतदाता शिक्षामा नै अवलम्बन गरिनु पर्छ जसले गर्दा जसले मत दिन पाउने हो उसले मात्र मतको सदुपयोग गरुन् र जसले पाउनै पर्ने हो उसले मात्र मत पाओस् भन्ने कुरामा मतदाता शिक्षामा ध्यान दिनैपर्छ। जस्तो कि मतदाता परिचयपत्र अनिवार्य गर्ने या सही मतदाताले मात्र मतदान गरोस् भन्ने कुरामा सचेत गराउने, जैविक पहिचान (फोटो, औंठाछाप आदि) प्रयोग गर्ने, मतदाता नामावली अद्यावधिक र शुद्ध राख्ने, मतदान केन्द्रमा कडा सुरक्षा व्यवस्था गर्ने, मतदान अधिकृत र स्वयंसेवकलाई राम्रो तालिम दिने, नक्कली मतदान गरे कानुनी कारबाही हुने चेतना फैलाउने, मतदातालाई आफ्नो मत आफैँ हाल्नुपर्नेबारे सचेत गराउने, प्रविधिको प्रयोग बढाउने र मतदाताले आफूले मात्र होइन अरुले पनि गलत काम नगरोस् भन्ने कुरामा सचेत रहनका लागि मतदाता शिक्षामा सिकाउनु पर्छ।

यसरी सही मतदाता शिक्षा र सही व्यवस्थापनबाट निष्पक्ष र विश्वसनीय निर्वाचन सम्भव हुन्छ। मतदाता शिक्षाको अर्थ हो मतदान गर्नु नागरिक अधिकार र कर्तव्य दुवै हो भन्ने सम्झाउनु। मतदानले गर्ने निर्णयले मुलुकको भाग्य बदल्न सकिन्छ। असल जनप्रतिनिधिले मात्र जनताको मतको कदर गर्नसक्छ किनभने उसले मात्र जनताको भावनाको कदर गरेर जनमतको सम्मान गर्नसक्छ। प्रजातन्त्रमा त्यस्तो मतदाताले मात्र प्रजातन्त्रको मर्म बुझेको ठहरिन्छ।

असल उम्मेदवार भनेको समूहगत रूपमा या व्यक्तिगत मान्यताका आधारमा पनि छुट्याउन सकिन्छ। प्रजातन्त्रमा समूहगत मान्यतालाई मतदाताले मान्यता दिने भएकाले वहुलवादी व्यवस्थामा मात्र प्रजातन्त्र फस्टाउँछ भन्ने मान्यता संसारभरि छ। त्यसैले मतदान गर्दा बदर मत घटाउनका लागि केही उपायहरू अपनाउन सकिन्छ।

### बदर मत घटाउन अवलम्बन गर्न सकिने उपायहरू

बदर मतको सङ्ख्या घटाउनका लागि मतदान गर्ने तरिकाबारे स्पष्ट शिक्षा दिने र मतपत्रमा कहाँ र कसरी छाप लगाउने भन्ने कुरा पहिले नै अभ्यास गराउने गर्न सकिन्छ। नमुना मतपत्रको प्रयोग गरेर मतदान केन्द्र बाहिर नमुना मतपत्र राखेर सही तरिका देखाउने गर्न सकिन्छ।

त्यसैगरी स्पष्ट र सजिलो मतपत्र डिजाइनमा चिन्ह, नाम र कोठा प्रष्ट देखिने बनाउने, मतदान अधिकृतबाट आवश्यक निर्देशन दिने, मतदान अघि सामान्य जानकारी दिने (तर कसलाई मत दिने भनेर नभन्ने) र हस्ताक्षर गरेरमात्र मतपत्र उपलब्ध गराउने, मतदातालाई पर्याप्त समय दिने र हतारमा मत हाल्दा गल्ती हुने भएकाले आरामसँग मतदान गर्ने वातावरण बनाउने काम गर्न सकिन्छ।

त्यस्तै शिक्षा तथा सचेतना कार्यक्रम अन्तर्गत रेडियो, टिभी, सामाजिक सञ्जाल, विद्यालय आदि मार्फत सही मतदान विधि सिकाउने, अशिक्षित, वृद्ध तथा अपाङ्गता भएका मतदातालाई सहयोग गर्ने र कानुन अनुसार गोपनीयता कायम राख्दै सहयोग गर्ने व्यवस्था मिलाउने जसका लागि मतदान केन्द्रमा रहेका स्वयंसेवक तथा परिवारका सदस्यहरूलाई मतको सदुपयोग गर्न सचेत गराउँदै विश्वास गर्ने गर्न सकिन्छ।

यसका साथै एक मतपत्रमा एक मात्र चिन्ह लगाउनुपर्छ भन्ने जानकारी दिने र धेरै ठाउँमा छाप लगाए बदर हुन्छ भन्ने कुरा स्पष्टसँग बुझाउने, यी उपायहरूले मतदाताका गल्तीहरूमा कमी आई बदर मत घट्छ र निर्वाचन परिणाम अझ सही र प्रभावकारी हुन्छ।

मतदाता शिक्षा दिने स्वयंसेवक निष्पक्ष र उत्तरदायी व्यक्ति हुनु अनिवार्य छ। खासगरी सहर या गाउँ जहाँ भएपनि मतदाताले कसलाई मत दिने हो भन्ने बुझ्न खोज्छन्, त्यस्ता मतदाताहरूलाई स्पष्टरूपमा मतदाता शिक्षा प्रदान गर्ने नागरिक समाजका व्यक्ति हुन् या स्वयंसेवकहरू हुन्, तिनले सही सल्लाह दिनुपर्छ। तर दलीय कार्यकर्ताहरूले दिने मतदाता शिक्षामा भने आफ्नो दलको चिन्हमा मत दिन आग्रहसाथ शिक्षा दिएका पनि हुन सक्छन्। हुनत त्यसलाई पनि सचेतनाको तरिकाले बुझ्नुपर्छ र सकेसम्म मतदातालाई पक्ष या विपक्षमा भन्दा सही व्यक्ति छान्ने प्रक्रियाका बारेमा जानकारी दिनु नै मतदाता शिक्षाको प्रभावकारी उपादेयता हुनेछ।

## महत्वपूर्ण टेलिफोन नम्बर

**एम्बुलेन्स**
एम्बुलेन्स (नेपाल रेडक्रस) : ०८३-५२०३१०
एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) : ९८४८०२०८६७
एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) : ९८२२४११५८६
शव वाहन : ०८३-५२४२३६/९८५८०४३६००
जिल्ला प्रहरी कार्यालय : १००, ०८३-५२०२२२
जिल्ला ट्राफिक कार्यालय : ०८३-५२५४९६
विद्यूत फ्यूज सेवा :०८३-५२०२६७/५२०२६५
महिला तथा बाल हेल्पलाइन : १०९८

**विमान स्थल**
सुर्खेत : ०८३-५२१९४५/५२५२१९
जुम्ला : ०८७-५२०१९०
मुगु ताल्चा :
हुम्ला : ०८७-६८००८०
डोल्पा : ०८७-५५१०१९
चौरजहारी (पश्चिम रुकुम) : ०८८-४०१०४८
नेपालगन्ज : ०८१-५६५२०५

**दमकल**
वीरेन्द्रनगर न.पा. : : १०१
भेरीगंगा न.पा. : ०८३-५४०११०, ९८५८०५१०५७
नारायण न.पा. : ०८९-४१०२०१

**अस्पताल**
दैलेख जिल्ला अस्पताल : ०८९-४१०११७
प्रदेश अस्पताल सुर्खेत : ०८३-५२३२००
सुर्खेत हस्पिटल प्रा.लि. : ०८३-५२५४१७
माया नर्सिङ्ग होम प्रा.लि. : ०८३-५२१४३०, ५२५४३०
एम्बुलेन्स (माया नर्सिङ्ग होम) : ०८३-५२१४३०
एम्बुलेन्स (देउती नर्सिङ्ग होम) : ०८३-५२०५२८
एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) : ९८४४८३५६६६
एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) : ९८६८११६०५२
जाजरकोट अपस्ताल : ०८९-४३०१२०
जिल्ला अस्पताल डोल्पा : ०८७-५५०१११
जिल्ला अस्पताल मुगु : ०८७-४६०१६२

## आजको राशिफल

**मेष** – परिस्थितिवश आँटेको काम रोकिन सक्छ। सहयोगको नाममा झुक्याउनेहरूले दुःख दिनेछन्। अस्वस्थताका बाबजुद कामको जिम्मेवारी बढ्नेछ।

**वृष** – खानपानको असावधानीले स्वास्थ्यलाई हानि गर्न सक्छ। काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला। गोपनीयता बाहिरिनाले समस्या आइपर्ला।

**मिथुन** – केही खर्च लागे पनि खानपान तथा मनोरञ्जनको समय छ। सोख र भौतिक साधनले खर्च बढाउन सक्छ। अरूको मुख ताक्नाले पछि परिनेछ।

**कर्कट** – रोकिएका काम बन्नाले उत्साह जाग्नेछ। पुरुषार्थद्वारा अधिकार स्थापित गर्न सकिनेछ। प्रतिस्पर्धामा विजयी भइनेछ।

**सिंह** – अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतीहरूसँग जुध्नुपर्नेछ। प्रगतिमा ईर्ष्या गर्नेहरूले दुःख दिनेछन्। व्याहारिक समस्याले योजना रोकिन सक्छ।

**कन्या** – हतारमा निर्णय लिने बानीले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला। अरूको फाइदाका लागि उपयोग भइनेछ, परिस्थिति आफ्ना लागि भने प्रतिकूल रहनेछ।

**तुला** – आँटले काम लिँदा राम्रै प्रतिफल प्राप्त हुनेछ। सहयोगीहरूले काममा उत्साह जगाउनेछन्। रोकिएका काम बन्नेछन् भने नयाँ काम प्रारम्भ गर्ने समय छ।

**वृश्चिक** – मिहिनेतले मानसम्मान दिलाउनेछ। अध्ययनमा प्रगति हुनुका साथै बौद्धिक क्षमतामा निखारता आउनेछ। बुद्धिको उपयोगले विद्या, धन आर्जन हुनेछ।

**धनु** – कामना पूर्ण हुनेछ र स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ।

**मकर** – बेसुरमा खर्च गर्ने बानीले समस्या निम्त्याउनेछ। व्यवसायमा लगानी बढाउनुपर्ने हुन सक्छ। आर्थिक समस्या सुल्झाउन कर्जा लिनुपर्ला।

**कुम्भ** – पेसा-व्यवसायमा मनग्य फाइदा उठाउने समय छ। व्यापार बढ्नेछ, रोकिएको काम बन्नेछ र जिम्मेवारी समेत बढ्न सक्छ।

**मीन** – विशेष काममा जग बसाउने अवसर छ। मेहनतले पदीय जिम्मेवारी दिलाउनेछ। पद-प्रतिष्ठा प्राप्त गर्ने बेला छ। अवसरले मन प्रफुल्लित गराउनेछ।

प्रतिनिधिसभा सदस्य निर्वाचन :

# दैलेखमा रोचक भिडन्त

**युग संवाददाता**
**दैलेख, ११ फागुन ।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि दैलेखका दुवै निर्वाचन क्षेत्रमा चुनावी सरगर्मी उत्कर्षमा पुगेको छ। विगतका निर्वाचनमा सहकार्य गरेका र एक अर्काका कडा प्रतिस्पर्धी रहेका नेताहरू पुनःचुनावी मैदानमा आमनेसामने भएपछि यहाँको प्रतिस्पर्धा रोचक र चुनौती पूर्ण बन्ने देखिएको छ।

विशेषगरी निर्वाचन क्षेत्र नं. १ मा लामो समयपछि नेपाली कांग्रेसले आफ्नै उम्मेदवार उठाएको छ भने क्षेत्र नं. २ मा पुराना दल र नयाँ शक्तिको बहुकोणीय भीडन्त हुने देखिएको छ। क्षेत्र नं १ कांग्रेसको पुनरागमन र महिला नेतृत्वको चुनौती यसअघिका २०७४ र २०७९ का निर्वाचनमा चुनावी तालमेलका कारण उम्मेदवार नउठाएको नेपाली कांग्रेसले यसपटक दैलेख क्षेत्र नं. १ मा बासना थापालाई चुनावी मैदानमा उतारेको छ। थापा दैलेखको संसदीय इतिहासमा कांग्रेसबाट उम्मेदवार बन्ने पहिलो महिला उम्मेदवार थिए।

यस क्षेत्रमा उनका मुख्य प्रतिस्पर्धीका रूपमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का रवीन्द्रराज शर्मा र नेपाली कम्युनिष्ट पार्टीका अम्बरबहादुर थापा रहेका छन्। शर्मा २०७४ का विजयी र २०७९ का निकटतम प्रतिद्वन्द्वी छन भने थापा २०७९ को निर्वाचनमा तत्कालीन गठबन्धनबाट निर्वाचित सांसद हुन।

वि.सं. २०७९ को निर्वाचनमा थापाले १८ हजार २९७ मत ल्याएर विजयी हुँदा शर्माले १७ हजार ४४५ मत पाएको थिए। यस पटक कांग्रेसले आफ्नै उम्मेदवार उठाएको र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट नन्दकिशोर बस्नेत मैदानमा रहेकाले मत परिणाम कता ढल्किन्छ भन्नेमा कौतुहलता बढेको छ।




**● इतिहास रच्ने कसरत**

निर्वाचन क्षेत्र नं. २ मा चार राजनीतिक धारबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ। नेपाली कांग्रेसले आफ्नो बिरासत जोगाउन दिक्पालकुमार शाहीलाई पुनः उम्मेदवार बनाएको छ। शाही २०७९ मा माओवादी र एकीकृत समाजवादीको सहयोगमा झिनो मतान्तरले विजयी भएका थिए।

नेकपा (एमाले) बाट पूर्वसंविधानसभा सदस्य लक्ष्मीप्रसाद पोखरेल चुनावी मैदानमा छन्। वि.सं. २०७९ मा मात्र १६७ मतान्तरले पराजित एमाले यसपटक गुमेको साख फर्काउने दाउमा छ। अर्कोतर्फ, नेपाल कम्युनिष्ट पार्टीका उम्मेदवार एवं कर्णाली प्रदेश योजना आयोगका पूर्वउपाध्यक्ष योगेन्द्रबहादुर शाहीको उपस्थितिले यहाँको अङ्क गणित फेरबदल हुने अनुमान गरिएको छ।

उनको बौद्धिक छवि र पुरानो एमाले पृष्ठभूमिका कारण उहाँले दुवै ठूला दलको मत काट्न सक्ने विश्लेषण गरिएको छ। रास्वपाबाट इञ्जिनीयर बखतबहादुर शाहीले उम्मेदवारी दिएपछि यस क्षेत्रमा चतुष्कोणीय भीडन्त हुने निश्चित छ।

**● पुराना र नयाँ अनुहार**

दैलेखका दुवै क्षेत्रमा पुराना र 'परिचित' अनुहार दोहोरिएका कारण मतदातामा कतै उत्साह त कतै नैराश्यता देखिएको छ। पुराना प्रतिस्पर्धीहरू पुनः आमने सामने हुँदा उनीहरूको व्यक्तिगत प्रभाव र पार्टीको सङ्गठन नै जितको मुख्य आधार हुने देखिन्छ।

यद्यपि, नयाँ र बौद्धिक उम्मेदवारहरूको प्रवेशले 'टेस्टेड' नेतालाई रक्षात्मक अवस्थामा पुऱ्याएको स्थानीय राजनीतिक विश्लेषककको ठहर छ। स्थानीय पर्यटन व्यवसायी, महिला अधिकारकर्मी र बौद्धिक क्षेत्रका व्यक्तित्वहरू चुनावी मैदानमा उत्रिएपछि युवा र तटस्थ मतदाताको झुकाव नयाँ शक्तितिर जान सक्ने आकलन गरिएको नेपाल पत्रकार महासङ्घ कर्णाली प्रदेश अध्यक्ष विष्णु शर्मा बताउँछन।

जिल्ला निर्वाचन कार्यालयका अनुसार दैलेखमा कूल एक लाख ६१ हजार २०४ मतदाता रहेका छन्। क्षेत्र नं. १ मा ७९ हजार ७०१ र क्षेत्र नं. २ मा ८१ हजार ५०३ मतदाताले फागुन २१ गते आफ्नो सार्वभौम मताधिकार प्रयोग गर्नेछन्। विकास, सुशासन र सक्षम नेतृत्वलाई मुख्य एजेण्डा बनाएका उम्मेदवारहरूमध्ये कसले बाजी मार्नेछ भन्ने कुरा निर्वाचनको अन्तिम नतिजाले नै प्रष्ट पार्नेछ।

# सुदूरपश्चिममा निर्वाचन अधिकृतको कार्यालयमा मतपत्र पुऱ्याइयो

**युग संवाददाता**
**महेन्द्रनगर, ११ फागुन ।**
आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारी सुदूरपश्चिम प्रदेशमा तीव्र रूपमा भइरहेको छ। १६ वटा निर्वाचन क्षेत्र रहेको सुदूरपश्चिममा निर्वाचन सुरक्षाका लागि सुरक्षाकर्मी परिचालन, निर्वाचन सामाग्री ढुवानी र मतपत्र निर्वाचन अधिकृतको कार्यालय पुऱ्याउने काम भएको छ।

प्रदेश निर्वाचन कार्यालय धनगढीका प्रमुख प्रेमराज भट्टले यहाँका सबै जिल्लामा रहेका निर्वाचन अधिकृतको कार्यालयमा मतपत्र नेपाली सेनाको सुरक्षा पहरामा पुऱ्याइसकेको जानकारी दिए। "५१ प्रकारका निर्वाचन सामग्रीहरू निर्वाचन कार्यालयमा ढुवानी गर्ने काम भइरहेको छ," निर्वाचन कार्यालय प्रमुख भट्टले भने, "कर्मचारी खटनपटनदेखि तालिम सञ्चालन भइरहेका छन्।" उनले कैलालीमा मतदान अधिकृत र सहायक अधिकृतलाई तालिम दिइएको जानकारी दिए।

त्यसैगरी, निर्वाचन सुरक्षा केन्द्रित फौज परिचालनको काम पनि यहाँ भइरहेको छ। सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक ओम रानाले पहाडी जिल्लाहरूमा पनि थप प्रहरी परिचालन भइसकेको जानकारी दिए। "प्रहरीदेखि निर्वाचन प्रहरी खटनपटन भइसकेको छ," उनले भने, "शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गराउने कार्यमा प्रहरी सक्रिय छ।"

सुदूरपश्चिम प्रदेशभरि नेपाल प्रहरीतर्फ साढे सात हजार र सशस्त्र प्रहरी बल नेपालतर्फ पाँच हजारभन्दा बढी प्रहरी परिचालन भएको छभने यहाँ नेपाली सेनाले पनि आफ्नो सक्रियता बढाउँदै विमानस्थल र कारागार सुरक्षाको जिम्मा सेनाले लिइसकेको छ।

## प्रतिनिधिसभा...

धनबहादुर भने संयमित भएर दाईको विरुद्ध अभियान चलाइरहेका छन्। कर्णबहादुरले जनताले आफूलाई इमान्दार र स्वच्छ छविको रुपमा चिनेकाले साथ दिने बताउँछन्।

'उसले जिल्लामा राम्रो गरेको भए म चुनावमा आउन पर्थेन, यो पटक म चुनाव जित्छु, भाईको वर्चस्व तोड्छु' कर्णबहादुरले भने, उसले ठाउँ ओगट्ने काममात्रै गऱ्यो, डोल्पाको विकासमा ध्यान दिएन, मप्रति जनताको ठुलो आस्था र विश्वास पाएको छु, कसैले पनि नराम्रो भनेका छैनन्।' उनी आफ्नो प्रतिष्पर्धा भाईसँगै हुने बताउँछन्।

धनबहादुर भने आफ्नो प्रतिष्पर्धा दाजुसँग नभई एमालेसँग हुने दाबी गर्छन्। धनबहादुर माओवादी र एकिकृत समाजवादी धारको राम्रो पकड भएकाले जित निकाल्ने दाबी गर्छन्। उनले जनताबाट पाएको सकारात्मक प्रतिक्रियाले आफू उत्साही बनेको प्रतिक्रिया दिए। उता एमालेले जिल्ला अध्यक्ष लंक रोकायालाई उम्मेदवार बनाएको छ।

३५ वर्षीय उनी मुड्केचुला गाउँपालिकाका हुन। अघिल्ला दुई स्थानीय तहका निर्वाचनमा उनी गाउँपालिका अध्यक्ष उम्मेदवार थिए। २०७४ मा पाँच मत र २०७९ मा ३७ मतान्तरले पराजित हुन पुगेका थिए। यसपटक उनी सांगठनिक भोट जोगाएर जित निकाल्ने दाउमा छन्। माथिल्लो डोल्पाभन्दा तल्लो डोल्पामा बढी मत भएकाले आफूलाई जित्न सहज हुने रोकायाको दाबी छ। उनका अनुसार माथिल्लो डोल्पामा ६ हजार मतदाता छन भने तल्लो डोल्पामा १८ हजार। १५ वर्षपछि तल्लो डोल्पाले प्रतिनिधिसभामा टिकट पाएकाले भेगीय सहानुभूति रहेको उनको भनाई छ।

२०७९ को प्रतिनिधिसभा चुनावमा समानुपातिकतर्फ एमालेले ६ हजार २९४, माओवादीले चार हजार ७२१, कांग्रेसले तीन हजार पाँच सय ९१, एकीकृत समाजवादीले एक हजार आठ सय २१ मत पाएका थिए। यहाँ २०४८ सालमा कांग्रेसबाट क्याबु बुढाले चुनाव जितेपनि त्यसयता कांग्रेसले जित निकाल्न सकेको छैन्। कर्णबहादुरले कांग्रेसको केन्द्रीय सदस्य, सहमहामन्त्री हुँदै पार्टी राजनीतिमा सफलता प्राप्त गरेपनि आम चुनावको परिणामले उनको राजनीतिक भविष्यको निर्क्यौल गर्नेछ।


## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री अर्चना न्यौपाने/कृष्ण माया न्यौपाने धनी रहेको, दर्ता नम्बर ७४७६/०७७/०७८ बाट वीन.न.पा-१४, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री हाम्रो सफल कृषि तथा पशुपंक्षी फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।



## लेकवेशी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कल्याण-६ , सुर्खेत
कर्णाली प्रदेश, नेपाल

### सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति :- २०८२/११/१२ गते

यस कार्यालयको चालु आ.व.०८२/०८३ को स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका खरिद कार्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले मु.अ.क. मा दर्ता भएका इच्छुक ईजाजत प्राप्त फर्महरुले रितपूर्वकको बोलपत्र तथा सिलबन्दी दरभाउपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको Website:www.bolpatra.gov.np/egp मार्फत् पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। साथै यससँग सम्बन्धित विस्तृत सूचना Website:www.bolpatra.gov.np, हेर्नुहुन जानकारी गराईन्छ।

तपसिल

| सि. नं. | सूचना नं./ ठेक्का नं. | कामको विवरण | जम्मा रकम भ्याट पि.एस. सहित | जमानत रकम | दस्तुर(रु.) | फारम पेश गर्ने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४ | SQ/GOODS/ LM/08/082-083 | Aausadi Tatha Aausadijanye Samagri Kharid | १७५३३७१।५७ | ५१,००० | १,००० | २०८२/११/२७ | |

प्रमुख प्रशासकीय अधिकृत



## चौकुने गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
गुटु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि आशयको सूचना

प्रथम पटक प्रकाशन मिति: २०८२।११।१२

प्रस्तुत विषयमा यस गाउँपालिकाबाट मिति २०८२।०८।२५ गते राष्ट्रिय स्तरमा तपसिल बमोजिमका योजनाहरुको खुला बोलपत्र आह्वान गरिएकोमा प्राविधिक तथा आर्थिक प्रस्ताव मध्य प्राविधिक प्रास्ताव मिति २०८२।११।११ गते बसेको मूल्यांकन समितिको निर्णय बमोजिम तपसिलका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राहि देखिन आएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ङ को उपनियम ५ बमोजिम मिति २०८२।११।१९ गतेका दिन यस चौकुने गाउँपालिकाको कार्यालयमा निजहरुको आर्थिक प्रस्ताव खोलिने गरी सम्बन्धित सबैको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ।

तपसिल:

| क्र. सं. | योजनाको नाम | बोलपत्र प्याकेज नम्बर | प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राहि देखिएका बोलपत्रदाताहरुको नामावली | कै |
|---|---|---|---|---|
| १ | Milanchowk-Biureni-Jhakmake-Ghumtimode-Jumlyamul Palika Jodne Kalo Patre Sadak Chaukune Surkhet | Contract ID No: CRM/NCB/ WORKS/06/082-83 | 1. M/S Yeti Builders Pvt. Ltd. Satdobato 15 Lalitpur<br>2. M/S Osnap/Ramesh JV Birendranaga-1 Surkhet | |
| २ | Construction of Deul Sichai Kulo at Chaukune-01 Surkhet | Contract ID No: CRM/NCB/ WORKS/07/082-83 | 1. M/S Rudrawaty/ Sandhya JV Jumla Nepal<br>2. M/S Shuva NS/Ramesh JV Birendranagar-1 Surkhet | |

प्रमुख प्रशासकीय अधिकृत



## Subhakalika Rural Municipality
## Office of the Rural Municipal Executive
Sukatiya, Kalikot

### Invitation for Sealed Quotation

Second Time Date of Publication: 2082/11/12(2026-02-24)

| S. N | Contract Identification Number/Supplies Description | Bid Security Amount (NRs) | Estimated Amount With VAT (NRs) | Bid Document Fees (NRs) | Bid Submission Date | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| 1 | SRM/KKT/G/SQ/1/2082-2083 Procurement and Supply of goods Nainaldada dekhi aarukhada samma Sadak Marmat-LISP | 30000 | 1263364 | 1000 | 2082-11-27 at 12:00 AM | 2082-11-27 at 13:00 PM |
| 2 | SRM/KKT/G/SQ/2/2082-2083 Procurement and Supply of goods Kalekhola Rarakatiya dekhi sajha pata samma road maintainance-LISP | 40000 | 1725703.18 | 1000 | | |
| 3 | SRM/KKT/G/SQ/3/2082-2083 Procurement and Supply of goods Mahadev Swada Batepani Koldada road maintainance | 40000 | 1648412.61 | 1000 | | |

Name of Bank :-Agricultural Development Bank limited
Office Code no :- 801066504
Bid Security Deposit Account no : 0725901535669042

Name of Office:-Subhakalika Rural Municipality
Rajaswo Account no :-0725901535669050.
Name of Bank :- Agricultural Development Bank limited.

Chief Administrative Officer

# किशोरी मृत फेला

**युग संवाददाता**
**हुम्ला, ११ फागुन ।**

जिल्ला सदरमुकाम सिमकोट गाउँपालिका-७ को डाडाँफायाँमा एक किशोरी झुन्डिएको अवस्थामा मृत फेला परेकी छन् । आइतबार राति ११:०० बजे १७ वर्षीया निशा सुनार आफ्नै घरमा झुन्डिएको अवस्थामा मृत फेला परेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक शङ्कर खड्काले जानकारी दिए ।

“ती किशोरी राति आफ्नै घरमा झुन्डिएको अवस्थामा फेला परेकी भन्ने खबर आएपछि प्रहरी निरीक्षक जङ्गबहादुर सिंहको नेतृत्वको टोली अहिले घटनास्थल पुगेको छ, विस्तृत जानकारी आउने क्रममा छ”, उनले भने ।

# पुनर्मिलनको...

अहिले एउटा साझा आशामा बाँधिएका छन्–सीमापार उडानसँगै बिछोडिएका परिवार फेरि एक हुने दिन नजिकिएको अनुभूति । “यो सम्बन्ध सदाका लागि कायम रहोस्”, शाहले भने, “हामी अभावबीच पनि आशावादी छौं ।”

# वन्यजन्तु आतङ्क नियन्त्रणमा प्रतिबद्धता जनाउने उम्मेदवार खोज्दै मध्यवर्ती क्षेत्रका बासिन्दा

**युग संवाददाता**
**कञ्चनपुर, ११ फागुन ।**

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने बासिन्दा वन्यजन्तु आतङ्क न्यूनीकरणलाई मुख्य मुद्दा बनाउने उम्मेदवारको खोजी गरिरहेका छन् । निकुञ्जबाट बस्ती र खेतीयोग्य जमिनतर्फ छिर्ने बदेल, निलगाई, चितल र हात्तीले बर्सेनि बालीनालीमा व्यापक क्षति पुर्‍याउने गरेका छन् ।

बाघ र चितुवाले गोठबाटै गाई, भैँसी र बाख्रा तानेर मार्ने घटना दोहोरिँदै आएको स्थानीयको गुनासो छ । मध्यवर्ती क्षेत्रअन्तर्गत पर्ने पिपलाडीका ६५ वर्षीय गङ्गाराम डगौराले बालीनाली जोगाउन बलिया मचान, विद्युतीय मेसवायर, सोलार बत्ती तथा टर्चलाइटको व्यवस्था अत्यावश्यक रहेको बताए ।

“निकुञ्ज नजिकैको बस्ती भएकाले जङ्गली जनावरले केही बाँकी राख्दैनन्, मचानबाट निगरानी गरी भगाउन सकिन्छ तर संरचना छैन, पैदल खेतमा




जाँदा आक्रमणको उच्च जोखिम हुन्छ”, उनले भने, “वर्षौंदेखि माग राख्दासमेत सुनुवाइ हुन सकेको छैन, त्यसको सुनावाइ गरी कार्य गर्ने उम्मेवार चाहिएको छ ।”

खजुवाका ६० वर्षीय किडे धानुकका अनुसार जडान गरिएको मेसवायर वर्ष दिन नपुग्दै हात्ती र वर्षाले भत्काएको छ । “कतै हात्तीले ढालेको छ, कतै बाढीले बगाएको छ, मर्मत हुन सकेको छैन”, उनले भने । बलियो विद्युतीय तारबार, स्याली नदीमा तटबन्ध, कालोपत्र सडक र सिँचाइको व्यवस्था प्रमुख माग रहेको उनले बताए । खजुवा क्षेत्रमा मात्रै ६० भन्दा बढी परिवार बसोबास गर्दै आएका छन् ।

जोनापुरका महेश महराले वन्यजन्तु प्रवेश गर्ने संवेदनशील स्थानमा प्रभावकारी मेसवायर जडान, सडक पूर्वाधार सुधार र नदी नियन्त्रणमा प्रतिबद्ध उम्मेदवारलाई मात्रै मत दिने धारणा व्यक्त गरे । “महिना दिन अघि मात्रै छिमेकीले कर्जा गरेर ल्याएका दुई उन्नत गाई बाघले गोठबाटै घिसारेर मारेको छ, क्षतिपूर्ति पाउन सकेका छैनौँ”, उनले भने । हात्तीले पाक्दै गरेको धान, गहुँ र उखु सखाप पार्ने गरेको उनको भनाइ छ ।

मध्यवर्ती क्षेत्रअन्तर्गत २४३ दशमलव पाँच वर्ग किलोमिटर पर्दछ । उक्त क्षेत्रमा पाँच नगरपालिका र दुई गाउँपालिकाका ४८ वटा वडा पर्दछन् । मध्यवर्ती क्षेत्रमा ३८ उपभोक्ता समिति गठन भएका छन् । उपभोक्ता समितिमार्फत मध्यवर्ती क्षेत्रमाका वन्जयजन्तु पीडित बासिन्दालाई राहत, क्षतिपूर्तिका कार्यक्रमसहित मेसवायर, सुधारिएको चुलो, बत्ती जडानलगायत कार्य हुँदै आएका छन् ।

व्यवस्थापन समितिमार्फत जैविक विविधता संरक्षण, सामुदायिक विकास, आयआर्जन तथा मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका कार्यक्रम सञ्चालन हुँदै आएको निकुञ्ज प्रशासनको भनाइ रहेको छ । यद्यपि स्थानीय बासिन्दाले ती प्रयास पर्याप्त नभएको भन्दै दीर्घकालीन र भरपर्दो योजना अघि सार्ने उम्मेदवारको अपेक्षा गरेका छन् । “वन्यजन्तु आतङ्क नियन्त्रण, क्षतिपूर्ति प्रणाली सरल र प्रभावकारी बनाउने तथा आधारभूत पूर्वाधार विकास गर्ने स्पष्ट प्रतिबद्धता चाहिन्छ,” स्थानीयको सामूहिक माग छ ।

# उपल्लो डोल्पाका हिउँ छिचोलेर घोडाबाटै सुरक्षा गस्ती

**युग संवाददाता**
**सुर्खेत, ११ फागुन ।**

यही फागुन २१ गतेको चुनावलाई लक्षित गरेर हिउँले ढाकिएको उपल्लो डोल्पाको तीन पालिकामा नेपाली सेनाले घोडाबाट गस्ती सुरु गरेको छ । अक्सिजनको कमी हुनाका साथै हिउँले बाटो नै अवरुद्ध भएको उपल्लो डोल्पामा घोडाको प्रयोग गरेर सुरक्षा गस्ती सुरु भएको हो ।

अहिले उपल्लो डोल्पामा पर्ने डोल्पोबुद्धको धो, छार्काताङसोकङको कागकोट र शे फोक्सुण्डोका सुम्दुवामा सेनाले आफ्नो बेस खडा गरेर निर्वाचन लक्षित सुरक्षा गस्ती गरिरहेको हो । प्रतिनिधिसभा सदस्य निर्वाचनलाई शान्तिपूर्ण, भयरहित एवं निष्पक्ष रूपमा सम्पन्न गर्न सेनाले घोडा प्रयोग गरेर गस्ती सुरु गरेको सङ्ग्राम शार्दूल गुल्म सुलिगार्डका गुल्मपति (सेनानी) हरिश शाहीले जानकारी दिए ।

जिल्लाका आठवटै पालिकामा सैनिक बेस खडा गरेर सेनाले पेट्रोलिङ गरिरहेको पनि सेनानी शाहीले बताए । जिल्लाका आठ ठाउँमा सेनाको निर्वाचन लक्षित सुरक्षा बेस क्याम्प खडा गरिएको छ । डोल्पामा ६८ मतदान केन्द्र स्थायी र दुई अस्थायी मतदान केन्द्र तोकिएको छ । प्रतिनिधिसभा निर्वाचन क्षेत्र एक मात्र रहेको डोल्पामा कुल २४ हजार ११५ मतदाता रहेका छन् । जसमा महिला १२ हजार १८७ र पुरुष मतदाता ११ हजार ९२८ रहेका छन् ।

# तुलसीपुरमा घट्दै पानीको आपूर्ति

**युग संवाददाता**
**दाङ, ११ फागुन ।**

शिशिर ऋतु सकिनै लाग्दा दाङ तुलसीपुरमा खानेपानीको आपूर्ति घट्दै गएको छ । तुलसीपुरमा प्रतिदिन एक करोड लिटर खानेपानीको माग छ ।

तर, अहिले ५४ लाख लिटर मात्रै आपूर्ति हुने गरेको तुलसीपुर खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाका कोषाध्यक्ष भोलाप्रसाद थापाले बताए ।

“माग धेरै छ, एक करोड लिटर दैनिक माग हुन्छ”, उनले भने, “तर, अहिले पानीका मुहान घट्दै गएका छन्, त्यसले गर्दा पुर्‍याउनै हम्मे-हम्मे पर्ने गर्छ ।” अहिले किसानलाई सिँचाइका लागि पानी दिनुपर्ने, पानीका मुहान घट्दै जाने अवस्था भएपछि यस्तो समस्या हुने गरेको कोषाध्यक्ष थापाको भनाइ छ । उनका अनुसार अब पालो-पालो गरेर पानी दिनुपर्ने अवस्था छ । “दुई दिन पानी दिइरहेकालाई एक दिन र एक दिन दिइरहेकालाई केही दिन बिराएर पानी दिनुपर्ने अवस्था रहेको छ”, उनले भने, “पानी नपर्दासम्म यस्तै समस्या रहने अवस्था छ ।”




## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरु**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)




**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।